पञ्चपुरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ८ संख्या ३ मिति २०८२।०८।२४

भाग २

पञ्चपुरी नगरपालिका

प्रकाशन मितिः २०८२।०८।२४

## विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि, २०८२

प्रस्तावनाः

विद्यालय क्षेत्रविकास कार्यक्रमको अवधारणा वमोजिम प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्मका विद्यालय शिक्षामा गुणस्तर र समयअनुकुल परिवर्तनका लागि पञ्चपुरी नगरपालिकामा रहेका सामूदायिक विद्यालयमा आधारभूत पूर्वाधार विकास, दक्ष विषयगत शिक्षकको प्रबन्ध, सिकाइ वातावरणको सुनिश्चितता गर्न दुई वा सो भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन एवम् एकीकरण र दरबन्दी मिलान गरी विद्यालय शिक्षामा बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ,दफा ११ को ज र शिक्षा नियमावली २०५९को नियम १९२ को ङ ले दिएको अधिकार प्रयोग गरी विद्यालय समायोजन तथा दरबन्दि मिलान कार्यविधि, २०८२ जारी गरिएको छ ।

## परिच्छेद– १
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम " विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भएपछि तत्काल लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले परिच्छेद २ दफा (३) क बमोजिमको विद्यालय समायोजन तथा दरवन्दी मिलान समिति सम्झनु पर्छ ।

(ङ) "विद्यालय" भन्नाले पञ्चपुरी नगरपालिकामा प्रचलित कानून बमोजिम अनुमती वा स्वीकृति प्राप्त सामूदायिक र संस्थागत विद्यालय सम्झनु पर्छ ।

(च) "स्थानीय तह" भन्नाले पञ्चपुरी नगरपालिका सम्झनु पर्दछ ।

(छ) "विद्यालय समायोजन " भन्नाले शिक्षा ऐन २०२८ को दफा १५ र नियमावलीको दफा १२ क स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ११को उपदफा २ झ अनुसार दुई वा दुई भन्दा वढी विद्यालय एक आपसमा गाभ्ने विद्यालयको तह वा कक्षा घटाउने ,बढाउने, विद्यालय स्थान्तरण गर्ने वा विद्यालय बन्द गर्ने समेत कार्यलाई जनाउदछ ।

(ज) दरबन्दी मिलान भन्नाले विद्यार्थी संख्या कम भई विद्यालय समायोजन भएका र यस कार्यविधि बमोजिम शिक्षक विद्यार्थी अनुपात नमिलेको वा विद्यार्थीको अनुपातमा बढी देखिन गएका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनैपनि प्रकारको दरबन्दी नभएका विद्यालयहरुमा व्यवस्थापन गर्ने कार्यलाई सम्झनुपर्दछ।

## परिच्छेद —२
## विद्यालय समायोजन सम्वन्धी व्यवस्था

**३. समितिको गठन:**

(क) यस कार्यविधि बमोजिम विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्नका लागि नगर शिक्षा समितिलाई सिफारिश गर्न देहाय बमोजिमको विद्यालय समायोजन तथा दरबन्दी मिलान समिति गठन गरिने छ:

| | |
|---|---|
| सामाजिक विकास समितिका संयोजक | संयोजक |
| शिक्षा समितिका सदस्यमध्येबाट नगर प्रमुखबाट मनोनित एकजना | सदस्य |
| शिक्षा सम्वन्धि विज्ञ | सदस्य |
| शिक्षक महासंघ प्रतिनिधि (नगर अध्यक्ष) | सदस्य |
| प्रमुख शिक्षा शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा | सदस्य सचिव |

(ख) समितिले विभिन्न सरोकारवालाहरु वा वडा वाट पनि अन्य शिक्षा सरोकारवालासंग समन्वय गर्न आमन्त्रितका रुपमा आमन्त्रण गर्न सकिनेछ ।साथै आवश्यकता वमोजिम उपसमितिहरु गठन र आमन्त्रितमा समावेशिकरणलाइ ध्यान दिइ आमन्त्रण गर्न सकिनेछ ।

(ग) दफा ९३०क बमोजिम गठित समितिबाट प्राप्त समर्ष्टिगत सिफारिस, आवश्यकता र औचित्यता एवम् यस कार्यविधिमा उल्लेख गरिएका मापदण्डका आधारमा नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले विद्यालय समायोजन तथा दरबन्दी मिलानको अन्तिम निर्णय गर्नेछ । तर विशेष परिस्थितिमा नगरपालिकाले आफ्नो कअधिकार प्रयोग गरी सरोकारवालाहरुको राय सल्लाह सुझाव र अन्तरक्रिया गरेर समितिको गठन नगरी दरवन्दी मिलान गर्न बाधा पर्ने छैन ।

(घ) यस कार्यविधि प्राभरम्भ हुदाको वखत सञ्चालनमा रहेका विद्यालयमध्य एक विद्यालय बाट अर्को विद्यालयको नजिक दुरीमा रहेर सीमित जनसंख्यालाई सेवा पुर्याइ रहेका तर विद्यालयका आधारभूत (कक्षा वालविकास, कक्षा १ –३, कक्षा १– ५, कक्षा १– ८ विद्यालय संचालनका न्युनतम आधारहरु पुरा हुन नसक्ने विद्यालयलाई नजिकको विद्यालय संग गाभी संचालनमा ल्याइनेछ ।

(ङ) माध्यमिक तह कक्षा ९ –१० र ९– १२ सञ्चालनमा रहेका विद्यालयहरुका लागि पनि यो व्यवस्था लागु हुनेछ ।

(च) विद्यालय समायोजन र दरबन्दी मिलानका लागि आवश्यक सहयोग जुटाउन नगरपालिकाले सम्वन्धित निकायहरुसंग सहयोग सहकार्य गर्नेछ ।

(छ) नगरपालिकाबाट विद्यालय समायोजन र दरबन्दी मिलान कार्यक्रमको अनुगमन मुल्यांकन तथा उपलब्धिको समिक्षा नगर शिक्षा समिति मार्फत भइ आगामी कार्यक्रमलाइ मार्ग निर्देशन गरिनेछ ।

**४. विद्यालय समायोजन एवम् एकीकरणका आधारहरुः** विद्यालय समायोजन एवम् एकीकरणका आधारहरु देहाय बमोजिम हुनेछन्ः

(क) दुइ वा सो भन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएमा,

(ख) विद्यालय आवतजावत गर्न लाग्ने समयः विद्यालयहरुबीचको दूरी ५ किलोमिटर भन्दा कम भई आधा घण्टा भन्दा कम पैदल यात्राको समय लाग्ने वा सडक यातायातको पहुँच भई स्कुल बस प्रयोग गरी विद्यालय आउन जान एकतर्फी आधा घण्टा भन्दा कम समय लाग्ने विद्यालयहरु,

(ग) भौगोलिक क्षेत्र वा कुनै कारणले कुनै विद्यालयमा देहायको विद्यार्थी कायम नरहेको भएमा वा भविश्यमा पनि उक्त तहगत रुपमा विद्यार्थी सङ्ख्या नपुग्ने प्रयाप्त आधार देखिएका विद्यालयहरु,

| भौगोलिक क्षेत्र | विधालयको तह | | | | | |
|---|---|---|---|---|---|---|
| | वालविकास | कक्षा १– ३ | कक्षा १–५ | कक्षा ६– ८ | कक्षा ९– १० | कक्षा ११–१२ |
| पञ्चपुरी न पा | १० | ३० | ४० | ४५ | ४० | ३५ |

(घ) दफा ४ (ग) मा जुनसुकै व्यवस्था भएता पनि नजिकको दूरीमा अन्य विद्यालय नभएको तथा अलग्गै वस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालय लाइ न्यूनतम विद्यार्थी संख्या नपुगेमा पनि विद्यालय गाभ्न बाध्य पारिने छैन ।

(ङ) यस कार्यविधिले तोकेवमोजिम शिक्षक दरदन्दी अनुसारको कक्षा १-५ को कक्षा सञ्चालन गर्ने र कक्षा ६-१२ को विषयगत शिक्षकका आधारमा कक्षा सञ्चालन गर्ने,

(च) जनसङ्ख्या राष्ट्रिय जनगणना २०७८ स्थानीय तहको तथ्याङ्क, घरधुरी सर्वेक्षणका आधारमा विद्यालय रहेको समुदायको घरधूरी सङ्ख्या कम भएका र जनसङ्ख्या वृद्धिदर न्यून भएका समुदायमा अवस्थित विद्यालयहरु,

(छ) विद्यालयको स्तर वृद्धिः विद्यालयको स्तर वृद्धिका लागि आावश्यक विद्यार्थी सङ्ख्या, भौतिक अवस्था र समुदायबाट पर्याप्त सहयोग प्राप्त हुन नसकी विद्यार्थी, शिक्षक तथा विद्यालयहरु वीच प्रतिस्पर्धात्मकता सिर्जना हुन नसकेका विद्यालयहरु,

(ज) माध्यमिक तह ठुला विद्यालय सञ्चालन गर्नः समुदायमा नजिक नजिकको दूरीमा सञ्चालनमा रहेका र समुदायको पहल र चाहना अनुसार माध्यमिक तहको ठूला विद्यालय सञ्चालन गर्न सहमत भएका दुई वा सो भन्दा बढी विद्यालयहरु आपसमा समायोजन गरी पर्याप्त भौतिक पूर्वाधार, जनशक्ति र आवश्यक सिकाइ वातावरण सहितको ठूला सार्वजनिक माध्यमिक विद्यालय सञ्चालन गर्न।

(झ) आवासीय विद्यालय संचालनः समायोजन भएका एक तहबाट अर्को तहको विद्यालयमा भर्ना भई उपल्लो कक्षाहरुमा पढाइलाई निरन्तरता दिन भौगोलिक विकटता भएका स्थानका बालबालिका उनीहरुको उमेर विद्यालय आवतजावतमा लाग्ने समय, विद्यालयहरुबीचको दूरी सुरक्षा जस्ता पक्षबाट असम्भव भएका स्थानहरुका बालबालिकालाई लक्षित गरी उनीहरु सबैलाई पायक पर्ने स्थानमा आवासीय सार्वजनिक विद्यालय सञ्चालन गर्न,

लालबिर भण्डारी
नगर प्रमुख

(ञ) नमूना विद्यालय विकासः दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन गरी सार्वजनिक विद्यालयलाई समुदायको आकर्षणको केन्द्र बनाउन नगरपालिकाले उत्कृष्ट विद्यालयका रुपमा नमूना विद्यालय बनाउन,

(ट) विद्यालय नक्शाङ्कनः प्रचलित कानुन अनुसार अनुमति वा स्वीकृती प्राप्त गरेका सामुदायिक, सार्वजनिक वा संस्थागत विद्यलायहरुको उचित व्यवस्थापनका लागि जिपिएस पद्दतिमा आधारित नक्शाङ्कन तयार गरी दीर्घकालीन रुपमा विद्यालयहरुको पुन व्यवस्थापन गर्न,

(ठ) प्रारम्भिक वालविकासको विद्यालय समय विहान १० वजे देखि दिउसो ४ वजे सम्म हुनेछ। कक्षा सञ्चालन दिउसो २ वजे सम्म हुनेछ भने कक्षा समय समाप्ति पछी वालविकास केन्द्र व्यवस्थापन , विद्यार्थी अभिलेखन खेलौना सामग्री व्यवस्थापन सरसफाइ साथै व्यवस्थापन समिति र प्र ह को समन्वयमा समय खर्चिनु पर्नेछ।

(ड) एकभन्दा वढी प्रभरम्भिक वालविकास कक्षा सञ्चालन भएका विद्यालयका सम्वन्धमा विद्यार्थी संख्याका आधारमा नगर शिक्षा समितिले पालिका भित्र दरबन्दी सार्न गाभ्न वा पुनरवितरण गर्न सक्नेछ र एक विद्यालयमा एक भन्दा वढि रहेका वालविकास कोटालाइ वालविकास नभएका विद्यालयहरुमा लिएर राख्न सक्नेछ।

(ढ) दुइ वा दुइ भन्दा वढि विद्यालयले आपसि सहमतिले गाभिन वा समायोजन हुन चाहेको निर्णय र आवश्यक प्रकृया पुर्याइ निवेदन पेश गरेमा

(ण) विभिन्न आधारमा विद्यालय समायोजन गर्ने भनि उल्लेख गरिएतापनि नगरपालिका भित्र संचालनमा रहेका सामुदायिक र संस्थागत विद्यालय न्युनतम मापदण्ड पुरा गर्ने अवस्था नदेखिएमा नगर शिक्षा समितिले स्थलगत अनुगमन गरि सिफारिस गरि कार्यपालिकाले कक्षा समायोजन वा विद्यालय समायोजन र दरवन्दि मिलानको कार्य गर्न बाधा पर्ने छैन।

**५. विद्यालय समायोजन पछि गर्नुपर्ने भौतिक व्यबस्थापनः**

क) विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ ।

ख) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र मालसामानको विवरण तयार गरी त्यस्ता मालसामानको सालाखाला न्यूनतम् मूल्य कायम गरी आवश्यक कारबाहीका लागि सम्बन्धित स्थानिय तहमा पेश गर्नु पर्नेछ र शिक्षा समितिले समर्थन गरेमा लिलाम गरी प्राप्त हुन आएको रकम गाभिएको विद्यालयको कोषमा जम्मा गर्नु पर्नेछ ।

ग) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयको आयआर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन र व्यावसायिक खेती गरिएको रहेछ भने त्यसको निरन्तरताको लागि गाभिएको विद्यालयले योजना सहित

लालबिर भण्डारी
नगर प्रमुख

सम्बन्धित नगरपालिकामा प्रस्ताव पेश गर्नुपर्नेछ । सो प्रस्तावउपर अध्ययन गरी नगरपालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

घ) अनुमति वा स्वीकृति रद्द गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पत्ति नगर शिक्षा समितिको निर्णय बमोजिम व्यवस्थापन गरिनेछ ।

ङ) प्राथमिकता दिइने: ९१० दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा सामयोजन भई गाभिएमा त्यसरी गाभिएका विद्यालयको भौतिक एवम् शैक्षिक सुविधाको व्यवस्थापनको लागि संघ, प्रदेश र नगरपालिकाबाट प्राप्त हुने बजेट र कार्यक्रममा प्राथमिकता दिइने छ ।

च) विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागि संघ, प्रदेश वा नगरपालिकामा भौतिक सुविधा विस्तारको शीर्षकमा आउने अनुदान पहिलो प्राथमिकता क्रममा उपलब्ध गराउनुपर्नेछ ।

छ) विद्यालय समायोजन पछि गर्नुपर्ने शैक्षिक व्यवस्थापन: ९१० विद्यालय समायोजनपछि वा तह वा कक्षा घटाइएपछि विद्यालयमा आवश्यकता भन्दा बढी भएका शिक्षकलाई नगर शिक्षा समितिको अर्को व्यवस्था नभए सम्मको लागि समायोजन भएकै वा गाभिएकै विद्यालयमा कामकाज गर्न लगाउन सकिने छ ।

ज) गाभिएको विद्यालयमा आवश्यकताभन्दा बढी शिक्षक सङ्ख्या रहन गएमा नगरपालिकाको अन्य विद्यालयहरूको आवश्यकता र यस कार्यविधिले तोकेको आधारमा दरबन्दी मिलान गरी पदस्थापना गरिनेछ ।

झ) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि वा पछि विद्यालय समायोजन गर्दा बन्द भएका स्वीकृत प्राप्त विद्यालयको तहगत सङ्ख्या नगरपालिकाको पुलमा रहने छ । त्यसरी पुलमा रहेको विद्यालय सङ्ख्यामा नबढाई नगरपालिकाभित्र नक्साङ्कनका आधारमा विद्यालय खोल्न आवश्यक देखिएमा र पूर्वाधार पूरा भएको खण्डमा नगर शिक्षा समितिले नियमानुसार विद्यालय सञ्चालनको लागि अनुमति दिन सक्नेछ ।

**६. विद्यालय समायोजन पछि गर्नुपर्ने अन्य व्यवस्थापन:**

क) विद्यालय समायोजनपछि समायोजन भई जाने विद्यालयको कर्मचारीलाई गाभिएको विद्यालयमा वा आवश्यकता र क्षमताको आधारमा नगरपालिका भित्र कुनै विद्यालयको उही पदको कर्मचारीको समान पदमा व्यवस्थापन गरिनेछ ।

ख) विद्यालय समायोजन पछि समायोजन भई जाने विद्यालयको प्रारम्भिक बाल विकास कक्षामा कार्यरत बाल विकास शिक्षक वा सहजकर्तालाई प्रारम्भिक बाल विकास कक्षाको कोटा नभएको, रिक्त भएको वा विद्यार्थी चाप बढी भएको विद्यालयमा प्राथमकिताका आधारमा समायोजन तथा व्यवस्थापन गरिने छ ।

**७. समायोजन भई बन्ने विद्यालयको नामाकरण सम्बन्धी व्यवस्था:**

क) विद्यालय समायोजन भएकै कारण समायोजन पछि बन्ने विद्यालयको साविक नाममा परिवर्तन हुने छैन ।

ख) समायोजन भई बन्न जाने विद्यालयको नाम परिवर्तन गर्न चाहेमा प्रचलित संघिय कानुनी व्यवस्था अनुसार विद्यालयको नाम परिवर्तन गरिनेछ।

## परिच्छेद ३
## दरवन्दी मिलान सम्वन्धी व्यवस्था

**८. दरबन्दी मिलानका आधारहरु:**

१. प्रारम्भिक बालशिक्षादेखि कक्षा ५ सम्म सञ्चालन भएका विद्यालयमा न्यूनतम रुपमा विद्यार्थी संख्या प्रयाप्त रहेमा यस कार्यविधि बमोजिम शिक्षक रहने गरी र माथिल्लो कक्षाहरुमा कक्षागत र विषयगत रुपमा शिक्षक व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

२. शिक्षक विद्यार्थी अनुपात कम भएका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलानका देहायका आधारहरु लिईनेछ:

क) दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा गाभिएमा,

ख) शिक्षक विद्यार्थी अनुपात तपसिलको भन्दा कम भएमा

| क्र स | कक्षा | शिक्षक विद्यार्थी अनुपात | कैफियत |
|---|---|---|---|
| १ | १– ३ | १:२५ | |
| २ | १ –५ | १:३० | |
| ३ | ६ –८ | १:३५ | |
| ४ | ९ –१० | १:४० | |
| ५ | ११ –१२ | १:४० | |

३. यस कार्यविधिमा उल्लेखित न्यूनतम शिक्षक दरबन्दी संख्या भन्दा बढी भएका विद्यालयमा शिक्षक विद्यार्थी अनुपात देहाय बमोजिम भएमा तहगत वा विषयगत रुपमा कनिष्टताका ९नियुक्ति० आधारमा नजिकको विद्यालय वा नज्रिकको वडाको विद्यालयमा दरबन्दी सहित शिक्षकलाई व्यवस्थापन गरिनेछ ।

४. कुनै पनि प्रकारको दरबन्दी नभएका तर न्यूनतम विद्यार्थी संख्या भई सञ्चालनमा आईरहेका विद्यालयहरुमा दरबन्दी मिलानका क्रममा शिक्षक व्यवस्थापनमा प्राथमिकतामा राखिनेछ ।

५. शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयमा माथिल्लो तहको योग्यता भएको शिक्षकलाई माथिल्लो कक्षा सञ्चालन भएको नजिकको विद्यालयमा तहगत वा विषयगत रुपमा शिक्षक व्यवस्थापन हुने गरी मिलान गर्ने कार्यलाई प्राथिमकतामा राखिनेछ ।

६. नगरपालिकाले विद्यालयहरुको आवश्यकता हेरि आफ्नो पालिका भित्रका शिक्षकहरुलाइ जुनसुकै वखत एक विद्यालय बाट अर्को विद्यालयमा कामकाजमा पठनपाठनका लागि खटाउन सक्नेछ। साथै कार्यालयले आफ्नो पालिका भित्रका रिक्त दरबन्दीहरुमा अन्तरविद्यालय सरुवा तथा पदस्थापना गरी शिक्षक व्यवस्थापन गर्न सक्नेछ।

७. विद्यार्थी संख्या कम भएका र माथिल्लो शैक्षिक योग्यता प्राप्त गरेका बाल विकास शिक्षकलाई आधारभूत तहका माथिल्ला कक्षाहरुमा अध्यापन गर्न सक्ने गरी व्यवस्थापन गर्न सकिनेछ ।



CamScanner

८. सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुलाई नजिकैको पायक पर्ने विद्यालयमा योग्यता र आवश्यकता अनुसार सिकाइ सहजीकरण गर्न गराउनका लागि परिचालन गर्न सकिनेछ साथै शिक्षा समितिले जुन सुकै वडामा कामकाजका लागि खटाउन वा स्थानतरण समेत गर्न सक्नेछ।

९. विद्यालयमा कार्यरत नर्सहरुलाई सम्वन्धित विषय, आवश्यकता र क्षमताका आधारमा विद्यालयमा पठनपाठनमा लगाउन सकिनेछ ।

## परिच्छेद —४

## कार्यक्रमको प्रभावकारी कार्यान्वयनका शाखागत भूमिका

### ९. विद्यालय व्यवस्थापन समिति र विद्यालयको भूमिका:

क) विद्यार्थी संख्या कम भई विद्यालयमा शिक्षक व्यवस्थापन गर्न असजिलो भएको भनि आफ्नो विद्यालयको सेवाक्षेत्रभित्रका बालबालिकाहरुको पहुँच विद्यालयमा सहज हुने गरी नजिकको विद्यालयमा समायोजन गर्ने तथा तह वा कक्षा घटाउने निर्णय गर्ने वा नगरपालिकालाई राय पेश गर्ने तथा विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यमा सहयोग गर्ने ।

ख) नगरपालिकाबाट विद्यालयमा कामकाज वा सरुवा एवम् पदस्थापना गरी पठाइएका शिक्षकहरुलाई हाजिरी गराई कामकाजमा लगाउने तथा अन्यत्र पठाइएका शिक्षकलाई रमाना दिई पठाउन सहजीकरण गर्ने ।

### १०. वडा शिक्षा समितिको भूमिका:

क) विद्यार्थी संख्याको अनुपातमा विद्यालयमा शिक्षक व्यवस्थापन गर्न र आफ्नो वडा क्षेत्रभित्रका बालबालिकाहरुलाई विद्यालय शिक्षामा समतामूलक पहुँच पुर्याउन नेतृत्वदायी भूमिका खेल्ने ।

ख) यस कार्यविधि बमोजिम आफ्नो वडाभित्रका विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा शिक्षकको व्यवस्थापन गर्न वा तह वा कक्षा थप गर्न तथा घटाउन विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यमा रचनात्मक सहयोग गर्ने ।

ग) दरबन्दी मिलान गरि नगरपालिकाबाट विद्यालयमा कामकाज वा सरुवा एवम् पदस्थापना गरी पठाइएका शिक्षकहरुलाई हाजिरी गराई कामकाजमा लगाउने तथा अन्यत्र पठाइएका शिक्षकलाई रमाना दिई पठाउन सहजीकरण गर्ने ।

घ) समायोजन भएका विद्यालयहरुमा आवश्यक शैक्षिक, भौतिक तथा अन्य व्यवस्थापकीय कार्यमा सहयोग गर्ने ।

ङ) विद्यालयको अनुगमन गर्ने तथा विद्यालय सञ्चालनका लागि प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिलाई आवश्यक सुझाव, सल्लाह एवम् मार्गदर्शन गर्ने ।

### ११. नगरपालिकाको भूमिका:

लोकबिर भण्डारी
नगर प्रमुख



CamScanner

क) विद्यालय समायोजन वा गाभ्ने तथा सम्बन्धी कार्य गर्नका लागि नगरपालिकाभित्रका विद्यालयहरूको अवस्था अध्ययन गरी आवश्यक कार्य गर्ने ।

ख) विद्यालय नक्सांकनका आधारमा तोकिएका स्थानमा विद्यालय सञ्चालन गर्ने गराउने कार्यका लागि सम्बन्धित सरोकारवालाहरूको सहकार्यमा विद्यालय रहने स्थान निर्धारण गरी त्यस्तो स्थानको जग्गाको स्वामित्व विद्यालयका नाममा कायम गर्न आवश्यक निर्णय गर्ने ।

ग) विद्यालय व्यवस्थापन समिति र सम्बन्धित वडा शिक्षा समितिसँग आवश्यकतानुसार परामर्श एवम् छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र ऐनले दिएको अधिकार प्रयोग गरी तथा यस कार्यविधिमा भएको व्यवस्था, शर्त एवम् मापदण्डका आधारमा विद्यालय समायोजन र शिक्षक सरुवा, दरबन्दी मिलान एवम् व्यवस्थापन गर्ने ।

१२. **शिक्षा शाखाको भुमिका:**

क) समायोजन भएका विद्यालयहरुको अनुगमन गरी मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई प्रतिबेदन पेश गर्ने र कार्यपालिकालाई आवश्यक सुझाव उपलब्ध गराउनु पर्नेछ ।

ख) नगरपालिकाले समायोजन भएको विद्यालयको प्रगति विवरण वार्षिक रुपमा केन्द्र र प्रदेश स्थित शिक्षा हेर्ने मन्त्रालय, कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

ग) समायोजन भएको विद्यालयले प्राप्त गरेको अनुदान रकमको उपयोग र सो बाट प्राप्त प्रतिफल तथा समायोजन पछि देखिएको विद्यालयको समग्र व्यवस्थापनको अनिवार्य रुपमा सामाजिक परीक्षण गराउनु पर्नेछ ।

## परिच्छेद —५
## विविध

१३. नगरकार्यपालिकाले सरोकारवाला निकाय वा व्यक्तिहरूको परामर्शमा यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१४. **बाँझिएमा बदर हुने:** यस कार्यविधिको व्यवस्था संघिय ऐन तथा नियमावलीसँग बाँझिएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र संघिय ऐन बमोजिम भएको हुनेछ।

१५. **व्याख्या:** यस कार्यविधिमा भएका व्यवस्थाको व्याख्या नगरकार्यपालिकाबाट हुनेछ र नगरकार्यपालिकाबाट भएको व्याख्या नै अन्तिम हुनेछ ।

लालविर भण्डारी
नगर प्रमुख

आज्ञाले,
**लक्ष्मी घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**